# प्रदेश राजपत्र

प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, माघ १४ गते, २०७५ साल (संख्या ३

## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

### प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेकाले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) अनुसूची-१ को खण्ड (क) गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँ सभाका सदस्यको सुविधा अन्तरगत रहेको कार्यपालिकाको सदस्यले पाउने मासिक सुविधालाई प्रति महिना रु. ८,०००।- कायम गरिएको छ ।

(२) अनुसूची-१ को खण्ड (ख) नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगर सभाका सदस्यको सुविधा को,-

(क) उपखण्ड (अ) नगरपालिका अन्तरगतका कार्यपालिकाको सदस्यले पाउने मासिक सुविधालाई प्रति महिना रु. ११,०००।- कायम गरिएको छ ।

(ख) उपखण्ड (आ) उपमहानगरपालिका अन्तरगतका कार्यपालिकाको सदस्यले पाउने मासिक सुविधालाई प्रति महिना रु. १३,०००।- कायम गरिएको छ ।

(ग) उपखण्ड (इ) महानगरपालिका अन्तरगतका कार्यपालिकाको सदस्यले पाउने मासिक सुविधालाई प्रति महिना रु. १५,०००।- कायम गरिएको छ ।

**आज्ञाले,**
**इन्दिरा दहाल**
**प्रदेश सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**